निर्णयहरू:-

१. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौको च.नं. ३१०९, मिति २०७८-०१-१४ को पत्रमार्फत संघीय संसद, प्रतिनिधि सभा, राज्य व्यवस्था तथा सुशासन समितिको निर्णय कार्यान्वयनको लागि लेखी आएको हुँदा कोभिड-१९ संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका सन्दर्भमा प्राप्त निर्देशनहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने ।

२. श्री गृह मन्त्रालय, शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ३११३, मिति २०७८-०१-१४ को पत्रमार्फत प्राप्त नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७८-०१-१३ को कोभिड-१९ को संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी निर्णयहरू प्रभावकारीरूपमा कार्यान्वयन गर्ने, गराउने ।

३. जिल्लाभित्र बिरामीहरूलाई आवश्यक पर्ने अक्सिजनको आपूर्तिमा अभाव हुन नदिन जिल्लास्थित अक्सिजन सिलिण्डर सप्लायर्सहरूले अस्पतालका चिकित्सकको सिफारिसका आधारमा मात्र व्यक्तिहरूलाई अक्सिजन सिलिण्डर उपलब्ध गराउने । अक्सिजन सिलिण्डरको मौज्दात र वितरण गरिएको सिलिण्डरको विवरण दैनिकरूपमा जिल्ला प्रशासन कार्यालय, मकवानपुर र स्वास्थ्य कार्यालय, मकवानपुरलाई उपलब्ध गराउने । साथै, अर्को निर्णय नभएसम्मका लागि हाललाई अक्सिजन सिलिण्डरहरू औद्योगिक प्रयोजनका निम्ति उपलब्ध नगराउने ।

४. स्वाब संकलनको कार्यलाई छिटो छरितो र व्यवस्थित तुल्याउन हेटौंडा-१० स्थित गोरक्षेश्वर मन्दिर परिसरमा मिति २०७८-०१-१७ गतेदेखि स्वाब संकलन गर्ने व्यवस्था हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, हेटौंडाले मिलाउने ।

५. मालपोत कार्यालय, मकवानपुर र नापी कार्यालय, मकवानपुरमा सेवाग्राहीहरूको अत्यधिक भिडभाडका कारण कोभिड-१९ संक्रमण फैलिनसक्ने उच्च जोखिम देखिएको हुँदा सो कार्यालयहरूले आन्तरिक कार्य बाहेक अन्य सबै प्रकारका सेवाहरू मिति २०७८-०१-१६ गतेदेखि अर्को निर्णय नभएसम्मका लागि बन्द गर्ने ।

६. भारत लगायत तेस्रो मुलुकबाट आउने नागरिकहरू होटल वा होम क्वारेन्टिन वा आइसोलेशनमा बसे, नबसेको सम्बन्धमा सम्बन्धित स्थानीय तहले अनुगमन गरी जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्रमा नियमितरूपमा प्रतिवेदन गर्ने ।

२०७८/१/१५

भरत मणी पाण्डे
प्रमुख जिल्ला अधिकारी